आज मिति २०८३/०५/१८ गते बिहिबारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर गुरुङज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको कार्यालयमा कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्तावहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

| क्र.स. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री दान बहादुर गरुङ | गाउँपालिका अध्यक्ष |
| २. | | श्री माया सिलवाल | गाउँपालिका उपाध्यक्ष |
| ३. | | श्री सन्तबहादुर मगर | १ नं. वडा अध्यक्ष |
| ४. | | श्री पञ्चबहादुर प्रजा | २ नं. वडा अध्यक्ष |
| ५. | | श्री नरबहादुर नेपाल | ३.नं. वडा अध्यक्ष |
| ६. | | श्री रुद्रप्रसाद उप्रेती | ४ नं. वडा अध्यक्ष |
| ७. | | श्री तेजबहादुर शेरचन | ५ नं. वडा अध्यक्ष |
| ८. | | श्री लक्ष्मण प्रजा | ६नं. वडा अध्यक्ष |
| ९. | | श्री बमबहादुर थापा मगर | ७.नं. वडा अध्यक्ष |
| १०. | | श्री अन्जु चेपाङ | कार्यपालिका सदस्य |
| ११. | | श्री पार्वती गुरुङ | कार्यपालिका सदस्य |
| १२. | | श्री टेकमाया गुरुङ | कार्यपालिका सदस्य |
| १३. | | श्री परिमाया कामी | कार्यपालिका सदस्य |
| १४. | | श्री राजकुमार चेपाङ | कार्यपालिका सदस्य |
| १५. | | श्री शंखर बहादुर चेपाङ | कार्यपालिका सदस्य |
| १६. | | श्री लोक राज खत्री | सदस्य-सचिव |

अन्य उपस्थितिः

१. वरिष्ठ लेखा अधिकृत : श्री उद्धाम तिमिल्सिना
२. इन्जिनियर : श्री कुमल राउत
३ अधिकृत ड्रैवर : श्री लोक बहादुर कराल
४. सूचना प्रविधि अधिकृत : श्री श्रीराम त्रिपाठी

इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय इच्छाकामना-४, कुरिनटार चितवन बागमती प्रदेश, नेपाल

**पूर्व बैठकको समीक्षा**

मिति २०८३।०५।०९ मा बसेको ७४ औं कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो।

**मिति २०८३।०५।१८ मा बसेको ७५ औं कार्यपालिका बैठकको निर्णयहरु:**

**निर्णय नं.१:** सार्वजनिक खरिद अनुगमन कार्यालय, केसरमहल, काठमाडौंको च.नं. MIT/१८२, मिति २०८३।०५।११ गतेको सूचना तथा जानकारी सम्बन्धी पत्रानुसार उक्त कार्यालयबाट सञ्चालित विद्युतीय खरिद प्रणाली (e-GP System) मा सुरक्षा जोखिम उच्च देखिएकोले र अर्को सूचना जारी नभएसम्म हालको विद्युतीय खरिद प्रणाली स्थगन गर्नु भन्ने बेहोरा जानकारी हुन आएकोले यस गाउँपालिकाले आ.व. ०८३।८४ को लागि बोलपत्र आह्वान गरी खरिद प्रकृया अगाडी बढाएका तपसिलमा उल्लिखित बोलपत्रहरु रद्ध गरी हार्डकपी मार्फत खरिद प्रकृया अगाडी बढाउन सूचना प्रकाशित गर्ने।

**तपसिल:**

| क्र.सं. | योजनाको नाम | ठेक्का नं. | लागत अनुमान (रु.) |
|---|---|---|---|
| १ | Construction of Bridge at Jalbire, I.R.M. ward no. 6 | NCB/IRM/01/083/84 | 85,91,991.94 |
| २ | Procurement of medical and surgical items | NCB/IRM/02/083/84 | 22,29,102.20 |
| ३ | Kaling Jautes Thaprang Chaukidada Sadak Starunnati ward no. 1 | NCB/IRM/03/083/84 | 1,72,46,896.55 |
| ४ | Jalbire-Dhungre Sadak Starunnati | NCB/IRM/04/083/84 | 56,07,586.20 |
| ५ | Shree Rastriya Aadharbhoot Bidhyalaya Pamdada I.Ga.Pa.5 Bidhyalaya Bhawan Nirman | NCB/IRM/05/083/84 | 60,37,931.04 |
| ६ | Dhungre Ma. Bi. Bidhyalaya Bhawan Nirman I.R.M. 6 | NCB/IRM/06/083/84 | 34,62,750.69 |
| ७ | Warlyang Hapani Sadak Starunnati ward no. 2 | NCB/IRM/07/083/84 | 1,72,57,237.80 |

**निर्णय नं.२:** इच्छाकामना गाउँपालिका वडा नं. ४ मा पर्ने विगतमा डम्पिङ साइट रहेको स्थानमा जोडिएको थ्री फेज लाइनको विद्युत मिटरको बुझाउन बाँकी रहेको विद्युत महशुल गाउँपालिकाले बुझाइ हाललाई उक्त मिटर बन्द गर्न नेपाल विद्युत प्राधिकरण भरतपुर वितरण केन्द्रलाई अनुरोध गर्ने।

**निर्णय नं.३:** यस गाउँपालिकाको ४ नं. वडाका वडा सदस्य श्री जीत बहादुर मगरको मिति २०८३।०५।१८ गतेका दिन ५६ बर्षको उमेरमा क्यान्सर रोगका कारण भएको असामहिक निधनप्रति गहिरो दु:ख व्यक्त गर्दै शोकको यस घडीमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवार एवं आफन्तजनप्रति हार्दिक समवेदना व्यक्त गर्दै शोक प्रस्ताव पारित गर्ने र गाउँपालिकाको कार्यालय कुरिनटारमा श्रद्धाञ्जली सभा गर्ने।

लोक राज खत्री
प्रमुख प्रशासकीय अधिकृत

## कार्यपालिका बैठकको प्रस्ताब पेश कार्यसूची

बैठक संख्याः ७५

अध्यक्षताः श्री दानबहादुर गुरुङ, गाउँपालिका अध्यक्ष

बैठक मितिः २०८३।०५।१८

बैठक स्थानः इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार।

बैठक समयः विहान ११:०० बजे

| मिति | बैठक समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८३।०५।१८ | ११:०० बजे | आ.व. २०८३।०८४ मा e-Bidding माध्यमद्वारा आव्हान भएका विभिन्न बोलपत्रहरुका सम्बन्धमा। | पूर्वाधार विकास शाखा | १ |
| २०८३।०५।१८ | ११:१० बजे | विगतमा डम्पिङ साइट रहेको स्थानमा राखिएको विद्युत मिटरको बाँकी महशुल भुक्तानी र मिटर बन्द गर्ने सम्बन्धमा। | योजना शाखा | २ |
| २०८३।०५।१८ | ११:१५ बजे | शोक प्रस्ताव पारित तथा श्रद्धाञ्जली सभा गर्ने सम्बन्धमा। | प्रशासन शाखा | ३ |

लोक राज खत्री
प्रमुख प्रशासकीय अधिकृत